# जिल्ला सहकारी संघ लिमिटेड,इलाम

# बचत तथा ऋण नीति

# २०७२

## परिच्छेद- ३
## बचत

४. **नियमित बचतः**

क) संस्थाले संघको सदस्यता प्राप्त गरेको मितिदेखि मासिक रुपमा न्यूनतम रु.२००।- देखि रु.१०,०००।सम्म नियमित रुपमा बचत गर्नु पर्नेछ।

ख) नियमित बचत सदस्य संस्थाको अनुकूलता हेरी प्रत्येक तीन/तीन महिनामा जम्मा गर्नसक्नेछ। ३ महिना व्यतित हुदाँसम्म पनि जम्मा नगरेमा प्रतिमहिना रु.१००। का दरले विलम्ब शुल्क लाग्ने छ।

ग) नियमित बचत गर्न छोडेको एक वर्ष कटेपछि संघबाट प्रदान गरिने सेवा सुविधाबाट वञ्चित गरिनेछ र संघको कुनै पनि पदमा उम्मेद्वार हुन पाइनेछैन ।

घ) नियमित बचत अग्रीम रुपमा पनि जम्मा गर्न सक्नेछ ।

ङ) सदस्य संस्थाले आफूले गर्ने नियमित बचतमा खण्ड (क) को प्रतिकूल नहुने गरी थपघट गर्न चाहेमा श्रावण र माघ महिना देखि मात्र गर्न सक्नेछ । तोकिएको समय बाहेक अरु समयमा थपघट गर्न पाइने छैन।

च) नियमित बचत जम्मा गरेको २ वर्षसम्म झिक्न पाइने छैन । २ वर्षपूरा भएपछि रकम झिक्न चाहेमा एक महिना अघि संस्थाको नियमको प्रतिलिपि सहित संघमा निवेदन दर्ता गराउनु पर्नेछ। निवेदनको आधारमा सदस्य संस्थाको नियमित बचत रकम खातामा न्यूनतम रु.५०००। मा नघटने गरी जम्मा रकमको ८० प्रतिशत सम्म झिक्न पाइनेछ । तर संघको सदस्य त्याग गरी झिक्न चाहेमा सेवा शुल्क रु. १००कट्टा गरी सम्पूर्ण रकम फिर्ता गरिनेछ ।यसरी बीचमा झिकेको महिनाको व्याज दिइने छैन ।

छ) बचत रकम धितो राखी ऋण लिएको सदस्य संस्थाले ऋण चुक्ता नगरेसम्म बचत रकम फिर्ता पाइने छैन।

ज) नियमित बचतमा ५ (पाँच) %(प्रतिशत) व्याज दिइनेछ।

५. **ऐच्छिक बचतः**

क) सदस्य संस्थाले ऐच्छिक बचत गर्न चाहेमा रु. १०००। मा खाता खोली कार्यालय समयमा रु.१०००। मा नघटने गरी जतिसुकै रकम बचत जम्मा गर्न सक्नेछ।

ख) संस्थामा तरलता बढी भएमा बढी भएको रकम खण्ड (क) को प्रतिकूल नहुने गरी जम्मा गर्न सक्नेछ।

ग) ऐच्छिक रकम जम्मा गर्न शुरु गरेको ३ महिनासम्म झिक्न पाइने छैन । ३ महिना अवधि पूरा भएपछि संचालक समितिको निर्णयको प्रतिलिपि सहित अध्यक्ष र व्यवस्थापक वा सचिवको संयुक्त हस्ताक्षर भएको निवेदन दर्ता भएपछि खातामा न्यूनतम रु.१०००। मा नघटने गरी आंशिक वा पुरै झिक्न वा ऋणमा मिलान गर्न सक्नेछ।

छ) ऐच्छिक बचतमा ३ (तीन) %(प्रतिशत) व्याज दिइनेछ।

६. **आवधिक बचतः**

क) सदस्य संस्थाले आफ्नो सुविधा अनुसार एक वर्षे, दुईवर्षे, र तीनवर्षे आवधिक बचत गर्नसक्नेछ।

ख) आवधिक बचत न्यूनतम रु.१०,०००। (दश हजार) देखि अधिकतम रु.५०,०००००।(पचासलाख) सम्म मात्र स्वीकार गरिनेछ।

ग) आवधिक बचतमा देहाय बमोजिम व्याज दिइनेछ।

(१) एक वर्षे आवधिक बचतमा ५% (प्रतिशत)

(२) दुई वर्षे आवधिक बचतमा ५.५% (प्रतिशत)

(३) तीन वर्षे आवधिक बचतमा ६% (प्रतिशत)

घ) आवधिक बचतमा प्राप्त भएको व्याज सदस्य संस्थाको नियमित बचत खातामा वर्षको अन्त्यमा जम्मा गरिनेछ।

ङ) आवधिक बचतको रकम समय भुक्तान नभई झिक्नु पर्ने अवस्था आएमा संघलाई एक महिना अगाडी लिखित जानकारी दिनु पर्नेछ । विना पूर्व जानकारी रकम उपलब्ध गराउन संघ वाध्य

हुनेछैन। यसरी समय भुक्तान नभई आवधिक बचत झिकेको खण्डमा सो वर्षको व्याज दिइने छैन।

च) आवधिक बचत गर्ने सुविधा नियमित बचतकर्ता सदस्य संस्थालाई मात्र हुनेछ।

## परिच्छेद-४

## ऋण

७. संघले सदस्य संस्थालाई प्रदान गर्ने ऋण देहाय बमोजिम बर्गीकरण गरी लगानीको क्षेत्र र अवधि निर्धारण गरिएको छ।

१) **छोटो अवधि (अल्पकालीन ऋण)**

छोटो अवधिको ऋण भन्नाले लगानी भएको मितिबाट १ वर्ष देखि २ वर्ष भित्र भुक्तानी हुन सक्ने ऋणहरुलाई जनाउँछ। यस अन्तर्गत निम्न ऋणहरु पर्दछन्।

**क) उत्पादन ऋणः**

खाद्यन्नवाली, नगदेवाली, र विशेषवाली उत्पादनको लागि आवश्यक पर्ने सम्पूर्ण ऋण यस प्रकारको ऋण एक वर्ष भित्रमा चार किस्ता गरी भुक्तान गर्नु पर्नेछ।

**ख) बेचबिखन ऋणः**

कृषि उपज तथा कृषि सामाग्रीको बिक्री गर्न, स-साना स्तरको उपभोक्ता भण्डार स्थापना संचालन गर्न र साना मर्मत सम्भार केन्द्र (वर्कसप) संचालन गर्न दिइने ऋण। यस्ता ऋण सदस्य संस्थाको व्यवसायिक योजनाको आधारमा किस्ता बन्दीको आधारमा उपलब्ध गराइनेछ। यस प्रकारको ऋण दुईवर्ष किस्तावन्दीमा भुक्तान गर्नु पर्नेछ।

**ग) हायर पर्चेज ऋणः**

ट्रेक्टर, पावर टेलर, मिनी ट्रक जस्ता ढुवानीका साधनहरु खरिद गर्न दिइने ऋण। यस किसिमको ऋण प्रदान गर्दा मूल्य सूची (कोटेशन) को कूल मूल्यको ४० प्रतिशत नगद रकम संघमा जम्मा गरेको र खरिद हुने औजारहरुको अनिवार्य रुपमा विमा गरेको हुनुपर्नेछ।

२) **मध्यम अवधिको ऋणः**

मध्यम अवधिको ऋण भन्नाले २ वर्ष देखि माथि ५ वर्ष भित्र चुक्ता भई सक्ने ऋणलाई जनाउँदछ। यस अन्तर्गत निम्न ऋणहरु पर्दछन्।

**(क) सिचाई ऋणः**

जमीनको सतहमाथि र सतह मुनि रहेको पानीको श्रोतलाई उपयोग गरी सिचाइ तथा खानेपानीउपयोग गर्न उपलब्ध गराइने ऋण।

**(ख) कृषि औजार ऋणः**

जोत्नको लागि प्रयोग हुने गोरु, राँगा, हलो, स्प्रेयर तथा थ्रेसर जस्ता औजारहरु खरिद गर्न दिइने ऋण।

**(ग) पशुपक्षि, माछा पालन ऋणः**

आर्थिक लाभको लागि पालिने गाई, भैसी, चौरी, भेडा, बाखा च्याङ्ग्रा जस्ता पशुहरु कुखुरा, हाँस, परेवा, जस्ता पंक्षीहरु माछाका भुराहरु उत्पादन गर्ने, माछा र अन्य जलचरहरु साथै माहुरी, रेशम जस्ता किराहरु पालन गर्ने ऋणहरु।

**(घ) कृषि तथा घरेलु उद्योग स्थापना ऋणः**

कृषि उपज प्रशोधन गर्न, कृषि सामाग्री उत्पादन तथा प्रशोधन गर्ने, खाद्य बस्तु उत्पादन गर्ने, सुर्ती, उनी धागोमा आधारित कटाई बुनाई गर्ने, धातु, काठ माटोका भाडाकुडा र बन सम्पदामा आधारित उद्योगहरु स्थापना गर्न दिइने ऋण।

**(ङ) भण्डारण ऋणः**

व्यवस्थित बजारको अभावमा छिटै नास हुने कृषि उत्पादनहरुलाई केही समयसम्म भण्डारण गरी अधिकतम फाइदा दिलाउने उद्देश्यले प्रदान गरिने ऋणहरु।

(च) पर्यटन ऋणः
विकाससँग सम्बन्धित स्थानीय होटल, लज, ट्रेकिङ जस्ता व्यवसाय संचालन गर्न दिइने ऋण

(छ) उर्जा विकास ऋणः
गोबरग्याँस स्थापना गर्न, सौर्य विद्युतकिरण गर्न आदि कार्यको लागि दिइने ऋण।

(ज) सीपमा आधारित व्यवसाय ऋण
सदस्य संस्थाका सदस्यहरुसँग भएको तथा तालिमबाट प्राप्त गरेको सीपको सदुपयोग गरी स्थानीय आवश्यकता पूरा हुने किसिमको व्यवसायहरु संचालन गर्न दिइने ऋण।

८. **दफा ७ बमोजिमका ऋणहरुको अवधि समय समयमा सञ्चालक समितिले निर्धारण गर्नेछ र त्यसपछिको वार्षिक साधारण सभामा अनुमोदन गराउनु पर्नेछ।**

९. **ऋण लिन आवश्यक योग्यताः**
(क) कम्तिमा १० थान शेयर खरिद गरेको ।
(ख) संघको सदस्य भई नियमित बचत गरेको ६ महिना पुरा भएको ।
(ग) कुनै वित्तिय संस्थाको कालो सूचीमा नपरेको ।
(घ) नियमित वार्षिक साधारण सभा सम्पन्न गरेको ।
(ङ) यस अघि ऋण लिएको भए भाखा भित्रै ऋण चुक्ता गरेको ।

१०. **ऋण माग प्रकृयाः**

**१)नियमित बचतमा**
क) सदस्य संस्थाले नियमित बचत जमानी राखी ऋण माग गर्दा संस्था/संघले अनुसुची १ बमोजिम ऋण आवेदन फाराम संघले तोकेको शुल्क तिरी रीतपूर्वक भरी संघमा दर्ता गराउनु पर्नेछ ।
ख) ऋण आवेदन फाराम सहित संस्थाको बैठकले ऋण माग गर्ने निर्णय गरेको निर्णयको प्रतिलिपि पेश गर्नुपर्नेछ।
ग) सचालक लेखा समितिका पदाधिकारीको स्व घोषणा पत्र
घ) संघले माग गरेको अन्य कागजात पेशगर्नु पर्नेछ ।

**२)आवधिक बचतमा**
क) आवधिक बचतकर्ता सदस्यलाई ऋण आवश्यक परेको बैठकको निर्णयको प्रतिलिपि सहित संघमा दर्ता गराएमा आवधिक बचतलाई धितो जमानत राखी आवधिक बचत रकमको ८० प्रतिशतसम्मऋण उपलब्ध गराउनेछ।
ख) आवधिक बचतलाई धितो राखी लिएको ऋण रकमको अवधिआवधिक बचतको अवधि अनुसार हुनेछ।सो अवधिमा साँवा र ब्याज चुक्ता नभएमा आवधिक बचतबाट हिसाव मिलान गरीफरफारक गरिनेछ।

**३) धितो जमानीमाः**
क) धितो जमानीमा ऋण माग गर्दा रीतपूर्वक भरेको अनुसुची-१ बमोजिमको ऋण आवेदन फाराम सहित निम्न कागजातहरु पेश गर्नुपर्नेछ।
(१) संस्थाले ऋण माग गरेको रकम सहित गरेको निर्णयको प्रतिलिपि ।
(२) संस्थाले सञ्चालन समितिको पदाधिकारीहरुको वा शेयर सदस्यको जग्गा धनीपूर्जा र प्रतिलिपि ।
(३) संस्थाले संघसँग ऋण कारोबार गर्न तोकेको प्रतिनिधिको २ प्रति फोटो र नागरिकताको प्रतिलिपि ।
(४) घर जग्गाको चालु आर्थिक बर्ष को तिरो वा एकीकृत सम्पति कर तिरेको रसिद
(५) धितोको नापी नक्सा (फिल्ड नक्सा / लु प्रिन्ट, ट्रेस नक्सा)
(६)चार किल्ला प्रमाणित
(७) घरको हकमा गाउँ कार्यपालि वा न.पा.ले प्रमाणीत नक्सापास प्रमाण-पत्र तथा मूल्याङ्कन ।
(८) व्यवसायिक ऋणको हकमा व्यवसायिक योजना, व्यवसाय दर्ता प्रमाण-पत्र, प्यान/भ्याट नम्बर र पछिल्लो आ.व.को कर चुक्ता प्रमाण-पत्र ।
(९) संस्थाको पछिल्लो २ वर्षको लेखा परीक्षण प्रतिवेदन १/१ प्रति
(१०) संघले माग गरेको अन्य आवश्यक कागजातहरु

११. **धितो सम्बन्धी हदम्याद र मूल्याङ्कन प्रक्रिया**

(१)घर जग्गा रजिष्ट्रेशन पारित भएको मितिले ६ महिना ३५ दिन पूरा भएको हुनुपर्नेछ ।

(२) धितो दिने घर जग्गा बकसपत्रबाट प्राप्त हुन आएमा २ वर्ष ३५ दिन पूरा भएको हुनु पर्नेछ।

(३) अपुतालीबाट प्राप्त गरेको घर जग्गा धितो दिने भएमा ३ वर्ष पूरा भएको हुनु पर्नेछ।

(४) अंशवण्डाबाट प्राप्त स्वामित्व भएको धितो भएमा ३ महिना ३५ दिन पूरा भएको हुनुपर्नेछ।

(५) नामसारीबाट प्राप्त स्वामित्वमा भएको धितो भएमा कानूनी हदम्याद लाग्ने छैन ।

(६) लिलाम बढावढबाट सकार गरेको घर जग्गा धितो भएमा हदम्याद लाग्ने छैन ।

(७) धितो दिने घर जग्गा विद्युत उच्च भोल्टेज (हाइटेन्सन लाइन) भएमा सम्बन्धीत निकायले तोकिदिएको मापदण्डको दुरी कटाई बनाइएको घर हुनु पर्ने र जग्गाको हकमा कूल क्षेत्रफलबाट प्रभावित क्षेत्रफल कट्टा गरी मूल्याङ्कन गरिने छ।

(८) नदी खोला खोल्सा आदिको अवस्था हेरी धितो नोक्सानी नहुने अवस्था रहेमा नदी खोला र खोल्साको प्रकृतिअनुसार १०० फिट सम्म कट्टा गरी मूल्याङ्कन गरिनेछ । लोक मार्ग/सडकको हकमा सडक विभाग वा स्थानीय निकायले तोकेको सीमा कट्टाई बाँकी घरजग्गाको मात्र मूल्याङ्कनगरिनेछ।

(९) घरको मूल्याङ्कन गर्दा निर्माण सम्पन्न भएको मितिले १ वर्ष पूरा भएपछि घट्दो दरमा बार्षिक ५ प्रतिशतको दरले ह्रास कट्टि गरी मूल्याङ्कन कायम गरिने छ।

(१०)जग्गाको मूल्याङ्कन गर्दा चलन चल्तीको मूल्य र मालपोत वा स्थानीय निकायले कायम गरेको मूल्यको औषत मूल्य कायम गरी मूल्याङ्कन गरिनेछ। मूल्याङ्कन रकमको ५०% रकम मात्र ऋण उपलब्ध गराइनेछ।

(११) मोही भएको जग्गा धितो राखी ऋण लगानी गरिनेछ छैन ।

१२. **धितो मूल्याङ्कन सेवा शुल्क देहाय बमोजिम लिइने छ।**

(क) ऋण स्वीकृत अंकको १% प्रतिशत

(ख) एक पटक धितो मूल्याङ्कन भै घर जग्गा फुकुवा नहुँदै पुनः त्यतिकै रकम ऋण लिएमा ऋण स्वीकृत अंकको ०.२५%

(ग) एक पटक धितो मूल्याङ्कन भै घर जग्गा फुकुवा नहुदै सोही घरजग्गाको थप मूल्याङ्कन गर्नु परेमा ऋण स्वीकृत अंकको ०.५०%

१३. धितो जमानीमा ऋण उपलब्ध गराउँदा जेथा जमानी धितो राखिएको घर जग्गा धनीप्रमाण पूर्जा नियमानुसार मालपोत कार्यालय इलाममा रोक्का /दृष्टिवन्धक राखिनेछ । ऋण चुक्ता गरेपछि मात्र फुकुवा पत्र दिइनेछ । मालपोत कार्यालय इलाममा घरजग्गा रोक्का र फुकुवा गर्न शुल्क लागेमा ऋणी सदस्यले बुझाउनु पर्नेछ । दृष्टि बन्धक पास कार्यमा संस्थाकै कर्मचारी संलग्न हुनुपर्नेछ।

१४. **ऋण स्वीकृत प्रक्रियाः**

(१) धन जमानी र धितो जमानीमा वितरण गरिने ऋण स्वीकृत गर्ने अधिकार देहाय बमोजिम हुनेछ।

(क) रु. १,००,०००।- (एक लाख) सम्म व्यवस्थापकलाई ।

(ख) रु. १,००,००१।- देखि ३,००,०००।-सम्म ऋण उपसमितिलाई ।

(ग) रु.३०००००१।- देखि माथि जतिसुकै रकम ऋण उपसमितिको सिफारिसमा संचालक समितिको बैठकको निर्णय बमोजिम।

१५. **ऋण वितरणः**

(१)ऋण स्वीकृत भएको यथासक्य छिटो माध्यमद्वारा सूचना दिइनेछ। ऋण स्वीकृत भएको २१ दिन भित्र संघको कार्यालयमा सम्पर्क राखी स्वीकृत ऋण लिइसक्नु पर्नेछ। सो समयभित्र ऋण रकम नलिएमा दोस्रो प्राथमिकतामा परेको सदस्यलाई ऋण रकम उपलब्ध गराइनेछ र त्यसपछि मात्र प्राथमिकतामा राखी ऋण रकम उपलब्ध गराइनेछ।

(२) ऋण अस्वीकृत भएमा कारण सहित छिटो माध्यमद्वारा सूचना दिइनेछ । तर प्राथमिकता क्रममा भने राखिनेछ र प्रक्रिया पूरा भएपछि पहिलो प्राथमिकतामा राखी ऋण रकम उपलब्ध गराइनेछ।
(३) रु.५०,०००।-(पचास हजार) भन्दा माथिको लागि ऋण माग रकमको ३ प्रतिशत शेयर खरिद गर्नु पर्नेछ। उक्त अनुपातले खाम्ने हदसम्मका पछिल्लो पटक ऋण लगानी गर्दा पुन: शेयर खरिद गर्न अनिवार्य हुने छैन । यो व्यवस्था समय समयमा वित्तिय विश्लेषण (पर्ल्स) को आधारमा संचालक समितिले फेरबदल गर्न सक्नेछ ।
(४) ऋण स्वीकृत रकमको १% व्यवस्थापन शुल्क लिइने छ र सो रकम ऋण सुरक्षण कोषमा जम्मा गरी लेखा राखिनेछ।
(५) ऋण स्वीकृत भएपछि ऋणी सदस्य संस्थालाई ऋण निकासाको लागि तोकेबमोजिमको तमसुक गराइने छ।

१६. **ऋण रकममा ब्याज, ब्याज छुट र हर्जाना**
(१) ऋणमा वार्षिक व्याजदर समय समयमा संचालक समितिको बैठकले तोके बमोजिम हुनेछ ।
(२) किस्ता तोकिएको ऋणको हकमा किस्तावन्दी तालिका अनुसार नै ऋणको साँवा र ब्याज भुक्तानी गर्नु पर्नेछ। यसरी किस्ता र ब्याज बुझाउने ऋणीलाई ब्याज रकममा ५ प्रतिशत छुट (रिवेट) प्रदान गरिनेछ।
(३) किस्तावन्दी तालिका भन्दा पछाडी बुझाएमा ब्याजदरमा पहिलो ३ महिनासम्म भाखा नाघेमा २ प्रतिशत, दोस्रो ३ महिनासम्म ३ प्रतिशत, तेस्रो ३ महिनासम्म ४ प्रतिशत र चौथो ३ महिनाभरी र सो भन्दा बढी अवधिकालागि ६ प्रतिशतका दरले हर्जाना लगाइनेछ।
(४) एकमुष्ठ भुक्तानी गर्ने ऋणको हकमा तोकिएको समयमा ब्याज भुक्तानी गर्दा ब्याज रकममा ५ प्रतिशतका दरले छुट प्रदान गरिनेछ र भाखा नघाएमा उपदफा (३) बमोजिम हुनेछ।

## परिच्छेद-५
## भाखा नाघेको ऋण व्यवस्थापन

१७. **भाखा नाघेको ऋणको गणना**
क) ऋणको तमसुक र भुक्तानी तालिका अनुसार तोकिएको समयसीमा भित्र ऋणको किस्ता, ब्याज र साँवा भुक्तानी नगरेको ऋणलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिनेछ।
ख) संस्थालाई तिर्नुपर्ने किस्ता रकमको तोकिए समयमा प्राप्त नभएमा बाँकी साँवा रकमलाई नै भाखा नाघेको ऋणको रुपमा गणना गरिनेछ।
ग) संस्थालाई तिर्नुपर्ने ब्याज रकम तोकिएको समयमा प्राप्त नभएमा ऋणको साँवा रकम पुरैलाई भाखा नाघेको ऋणको रुपमा गणना गरिनेछ।
घ) भाखा नाघेको ऋणको गणना प्रत्येक महिनाको मसान्तमा गरिनेछ।

१८. **ऋणको वर्गीकरण र व्यवस्थापन**
**१) जोखिमको आधारमा ऋणलाई देहाय बमोजिम वर्गीकरण गरी ऋण सुरक्षण कोषको व्यवस्था गरिनेछ।**

| ऋणको वर्गीकरण | भाखा नाघेको अवधि | ऋण सुरक्षण कोषको व्यवस्था |
|---|---|---|
| असल ऋण | भाखा ननाघेको | १ प्रतिशत |
| शंकास्पद ऋण | १ वर्षसम्म भाखा नाघेको | ३५ प्रतिशत |
| खराब ऋण | १ वर्ष भन्दा बढी भाखा नाघेको | १०० प्रतिशत |

१९. **भाखा नाघेको ऋण असुली प्रक्रियाः**
ऋणीले चुक्ता गर्नुपर्ने भाखा समाप्त भएको साथै तोकिएको समयमा किस्ता वा नियमित ब्याज नतिरेको खण्डमा उक्त ऋण भाखा नाघेको ऋणमा गणना हुनेछ र उक्त भाखा नाघेको ऋण असुलीको लागि संस्थाले देहाय अनुसारको असुली प्रक्रिया अपनाउने छ।

क) भाखा समाप्त हुनुभन्दा कम्तिमा ७ दिन अघि ऋणीलाई भाखा ... स्मरण पत्र /इमेल/टेलिफोन/एस.एम.एस. पठाइनेछ ।
ख) भाखा नाघेको ७ दिन भित्र भाखा नाघेको ऋणको साँवा ब्याज चुक्ता गर्न इमेल/टेलिफोन/एस.एम.एस./ ताकेता पत्रबाट ताकेता गरिनेछ।
ग) ऋणीले ताकेता सन्देश प्राप्त गरेको १५ दिन भित्र पनि भुक्तानी नगरेमा दोस्रो ताकेता पत्र पठाइनेछ।
घ) दोस्रो ताकेता पत्र प्राप्त गरेको १५ दिन भित्र पनि भुक्तानी नगरेमा सहकारी ऐन, २०४८ (संशोधन सहित)को दफा ३९ र सहकारी नियमावली २०४९ को दफा २५ बमोजिम कार्वाइ प्रक्रिया अगाडी बढाउने छ।

## परिच्छेद- ६
## विविध

२०. **उप समिति गठनः**
बचत तथा ऋण परिचालन गर्न संघको विनियमको दफा ३६ बमोजिम ऋण उपसमिति गठन गरी उपसमितिको काम, कर्तव्य र अधिकार तथा सुविधा संचालक समितिले विनियमको अधिनमा रही तोकिदिनेछ।

२१. **बाधा अडकाउ फुकाउने र व्यवस्था गर्ने अधिकारः**
यस नीतिको कार्यान्वय गर्ने क्रममा कुनै किसिमको द्विविधा वा बाधा अडकाउ आइपरेमा सोको व्याख्या गर्ने र बाधा अडकाउ फुकाउने आन्तिम अधिकार संचालक समितिलाई हुनेछ।

२२. **स्वतः निष्कृय हुने**
यस नीतिमा गरिएका व्यवस्थाहरु सहकारी ऐन, नियमावली, सहकारी विभागद्वारा जारी मापदण्ड, नेपाल राष्ट्रिय बैंक ऐन, २०५८ बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०६३ र सो अन्तर्गत बनेका वा जारी गरिएका नियम, विनियम वा जारी भएका निर्देशिकाको व्यवस्थाहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वतः निष्कृय हुनेछ ।

२३. **खारेजीर बचाऊ**
यो नीति लागू हुनुपूर्व बचत तथा ऋण परिचालन सम्बन्धी भए गरिएका काम, कारबाहीहरु यसै ऋण नीति अनुरुप भए गरिएको मानिनेछ।

**मस्यौदाकारः**
**संयोजकः कमल श्रेष्ठ (संयोजक लेखा समिति)**
**सदस्यः टिकादेवी घिमिरे (सदस्य जिल्ला सहकारी संघ लि.)**
**सदस्यः वेदनिधि पोख्रेल (सदस्य जिल्ला सहकारी संघ लि.)**
**साधारण सभाबाट पारित मितिः २०७२ पौष २७ गते**

| प्रमाणित गर्ने पदाधिकारीको | स्वीकृत दिने अधिकारीको |
|---|---|
| दस्तखतः | दस्तखतः |
| पदः | पदः |
| मितिः | मितिः |